नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अपूर्ण लेबुल विवरण भएको प्र.पिउने पानी उत्पादन/विक्री वितरण ।**

**मि.नं.-६०० दायर मिति:- २०८१/०३/०२**

**फैसला मिति:- २०८१/०७/०८**

| वादी | प्रतिवादी |
| --- | --- |
| **खा.नि.सुरेश कुमार सिंहको प्रतिवेदनले नेपाल सरकार.........................१** | पर्सा जिल्ला वीरगंज म.न.पा.०४ मा अवस्थित वीरगंज पियोर ड्रिङकिङ्ग वाटर उद्योगका सञ्चालक श्री दीपक कुमार टिबडेवाल.....१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. बजार निरीक्षणको क्रममा खाद्य पदार्थ संकेत अ-६७ राखी प्र.पिउने पानीको जारको नमूना संकलन अनुसूची २ भरेको मुचुल्का
२. विश्लेषण परीक्षण नमुना अनुसूची ४ जिल्ला प्रशासन कार्यालय, पर्सा समेतमा पठाईएको ।
३. सा.वि. ज्यूबाट गुणस्तर मापदण्ड भित्र नपरेको भनी कैफियत उल्लेख भएको ।
४. अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान साविती बयान ।
५. मुद्दा चल्ले वा नचल्ने निर्णयको लागि जि.स.व.का., पर्सामा पेश हुँदा मुद्दा चल्ले भई मिति २०८१/०२/२७ मा निर्णय भएको ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०२।०८ गते जिल्ला पर्सा वीरगंज महागरपालीका वडा नं.४ मा स्थित वीरगंज पियोर ड्रिङ्किङ वाटर उद्योगबाट उत्पादित फेमिली ब्राण्डको (उत्पादन मिति, ब्याच नम्बर र उपभोग्य मिति उल्लेख नभएको) प्रशोधित पिउने पानीको जार थान २ विश्लेषण परीक्षणको लागि खाद्य प्रविधी तथा गुण नियन्त्रण कार्यालय, जनकपुरधाम धनुषा समेतमा पठाएकोमा उक्त पानीको नमूनामा नेपाल सरकारको खाद्य पदार्थ प्रशोधित पिउने पानीको लागि तोकिएको अनिवार्य मापदण्ड खाद्य निवमावली २०२७ को नियम १८.१ ख र १८.१ च को लेबल सम्बन्धी मापदण्ड पुरा नभएको भन्ने विश्लेषण प्रतिवेदन, प्रतिवादीले अधिकारी प्राप्त अनुसन्धान अधिकारी समक्ष गरेको साविती बयान तथा यस कार्यालयमा उपस्थित भई गरेको साविती बयानका आधारमा यी प्रतिवादीले खाद्य ऐन, २०२३ को दफा ४(ख) वमोजिम कसुर गरेको ठहर्छ ।सो ठहर्नाले प्रतिवादी दीपक कुमार टिबडेवाललाई खाद्य ऐन, २०२३ को दफा ४(ख) वमोजिम कसुर अपराधमा सोही ऐनको दफा ५(२) बमोजिम रु.१०,०००/- अक्षरेपी दस हजार मात्र जरिवाना हुने ठहर्छ । अन्यमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए ।

**तपसिल खण्ड**

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम खाद्य ऐन, २०२३ को दफा ४(ख) वमोजिम कसुर अपराधमा सोही ऐनको दफा ५(२) बमोजिम प्रतिवादी दिपक कुमार टिवडेवाललाई ठहरेको जरिवाना रकम रु.१००००/- निजले र.नं.१६/२०८१/०४/११ बाट दाखिला गरेको धरौटी रकम रु.१००००/- बाट जरिवाना रकम रु.१००००/- कट्टी गर्नु.......................................१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु------------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ कार्तिक महिना ८ गते विहीवार रोज ५/ ने.सं. ११४४ कौलागा अष्ठमी, शुभम् ........